श्री कृषि शाखा/IT
सबै वडाको सूचना बोर्डमा टाँस गरी हल्ला/ वेबसाइट/FB page मार्फत सबैलाई जानकारी गराउनुहोला।

फोन नं.: 9855048897
Email : pmamp.piu.bara@gmail.com
वेबसाइट : piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, बारा

(कार्यक्षेत्र: बारा र पर्सा)

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/०१**

चालु आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रमका लागि यस एकाइको कार्यक्षेत्र रहेका जिल्लाहरु बारा र पर्सामा संचालित विभिन्न जोन/सुपरजोन क्षेत्रभित्रका निर्धारित बालीवस्तुको तपसिलका कार्यक्रममा सहकार्य गरी कार्यक्रम संचालन गर्न इच्छुक सूचिकृत समूह/सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/कृषि बजार व्यवस्थापन समिति/कृषि फर्म/कम्पनी/स्थानीय तहहरुले मिति २०८३/०२/०७ गते (७ दिन) भित्र आफूले संचालन गर्न चाहेको कार्यक्रमका लागि आवश्यक कागजात सहित आवेदन/प्रस्ताव पेश गर्नु हुन अनुरोध छ साथै रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन् । थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ बारा वा प्राविधिक जोन एकाइ, पर्सामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल :

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | बार्षिक लक्ष्य | स्वीकृत बजेट (रु.लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | धान जोन (बारा र पर्सा) | | | | | |
| १ | मसिना धान प्रवर्धन कार्यक्रम | हेक्टर | ५० | ७.५ | ५० प्रतिशत सम्म अनुदान | |
| | केरा जोन (बारा ) | | | | | |
| १ | राइपेनिङ च्याम्बर निर्माण सहयोग | संख्या | १ | १०. | ५० प्रतिशत सम्म अनुदान | |
| | तरकारी जोन (बारा ) | | | | | |
| १ | बजार सेड तथा संकलन केन्द्र निर्माण | संख्या | २ | १२. | ५०-८५ प्रतिशत सम्म अनुदान | |
| | गाई/भैसी जोन (बारा ) | | | | | |
| १ | उन्नत घाँसको प्रदर्शनी प्लट निमार्ण कार्यक्रम | संख्या | २ | ०.८१ | ५० प्रतिशत सम्म अनुदान | |
| २ | डेरी पसल स्थापना तथा सुधार | पटक | २ | ४. | ५० प्रतिशत सम्म अनुदान | |
| | परियोजना कार्यान्वयन इकाई (बारा र पर्सा) | | | | | |
| १ | प्राविधिक शिक्षालयसँगको साझेदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम | संख्या | १ | ३.१५ | ५० प्रतिशत सम्म अनुदान | |

सुवर्ण गाउँपालिका
गाउँपालिकाको कार्यालय
बारा
दर्ता नं 2380
मिति : 2082/2/8

राम दलम प्रसाद साह
वरिष्ठ कृषि अधिकृत

CamScanner

**जोन/सुपरजोनमा कायम रहेका स्थानीय तह र वडाहरु क्षेत्र :**

| जिल्ला | जोन/सुपरजोन | कार्यक्रम संचालन हुने कार्यक्षेत्र |
|---|---|---|
| बारा | माछा सुपरजोन | कलैया उ.म.न.पा., कोल्हवी न.पा., सिम्रौनगढ न.पा., महागढीमाई न.पा., पचरौता न.पा., आदर्श कोतवाल गा.पा., करैयामाई गा.पा., देवताल गा.पा., बारागढी गा.पा., सुवर्ण गा.पा., परवानीपुर गा.पा., प्रसौनी गा.पा., फेटा गा.पा. र विश्रामपुर गा.पा. । |
| | गाईभैसी जोन | कलैया उ.म.न.पा., जितपुरसिमरा उ.म.न.पा., कोल्हवी न.पा., निजगढ न.पा. र प्रसौनी गा.पा. । |
| | धान जोन | सुवर्ण गा.पा. र देवताल गा.पा.। |
| | केरा जोन | निजगढ न.पा. र जितपुरसिमरा उप.महा.न.पा. । |
| | तरकारी जोन | कलैया उप.महा.न.पा., सिम्रौनगढ न.पा.र आदर्शकोतवाल गा.पा.। |
| पर्सा | धान जोन | पर्सागढी नगरपालिका वडा नं १,२,३ र ४, सखुवाप्रसौनी गाँपालिकाको वडा नं १, २ र ३, पटेर्वा सुगौली गाँउपालिका को वडा नं १, २ र ३,४,५ जीराभवानी गाँउपालिकाको वडा नं १,२,३,४ र ५ तथा ठोरी गाँउपालिकाको वडा नं २,३,४ र ५ थपमा पर्सागढी नगरपालिका वडा नं ५,६,७,८ र ९। |
| | माछा जोन | धोविनी गा.पा., पकाहा मैनपुर गा.पा., कालिकामाई गा.पा., विन्ध्यवासिनी गा.पा., छिपहरमाई ग.पा., पोखरिया न.पा., बिरगंज उ.म.न.पा.को वडा नं. २७ क्षेत्र। |

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१ रु.१० को टिकट सहितको अनुसूचि १० अनुसारको निवेदक फारम।

२ कृषि संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको) र प्यान नम्बरको प्रतिलिपि ।

३ आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४ कार्य समितिको निर्णयको प्रतिलिपि (समुह सहकारी समितिको हकमा) ।

५ कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

६ सार्वजनिक निर्माण सँग सम्बन्धित कार्यक्रम संचालन गर्न सम्बन्धित कृषि संस्थाको जग्गा जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम संचालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा दश वर्षको सम्झौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।

७ अन्य निकायबाट सोही प्रकृतिको कामबाट लाभान्वित नभएको र दोहोरो अनुदान नलिएको प्रतिबद्धता पत्र पेश गर्ने ।

८ भौतिक संरचना बजार सेड निर्माण, पसल व्यवसाय संचालनको हकमा सम्बन्धित स्थानीयतहको सिफारिस, ट्रेस नक्सा कार्यक्रम संचालन गरिने सम्बन्धित कित्ताको साथ मधियारको स्थलगत मुचुल्का प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

९ यस कार्यक्रमबाट विगतमा कुनै सहयोग प्राप्त नगर्ने प्रस्तावकहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।

१० बढि लागत साझेदारी जुटाउने र स्थानीय तह वा अन्य साझेदार निकायसँगको सहकार्यमा संचालन गरिने प्रस्तावहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।

११ रित पूर्वक तयार गरिएका प्रस्तावहरु कार्यक्रम कार्यान्वयन एकाइ बारा र जोन प्राविधिक एकाइ पर्सामा सम्बन्धित शाखा (जोन/सुपरजोन फाँट) मा बुझाउन सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मुल्यांकन/छनौट प्रकियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

१२ स्थानिय निकायको सम्बन्धित वडाको वा कृषि पशु सेवा शाखाको सिफारिस पत्र ।

१३ कार्यालयले माँग गरेको अन्य कागजातहरु कार्यालयको नियमानुसार हुनेछ ।

नोट : यस सम्बन्धी थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ बारा तथा जोन प्राविधिक एकाइ पर्सामा सम्पर्क राख्नु हुन अनुरोध छ । माछा सुपरजोन बारा तर्फ सम्पर्क नं ९८१२१२६९०७, धान जोन बारा तर्फ सम्पर्क नं:९७६२७१२३४२, र तरकारी जोन बारा तर्फ सम्पर्क नं:९८०७१६१६४० गाईभैसी जोन बारा तर्फ सम्पर्क नं ९८०७१०९९०३, केरा जोन बारा तर्फ सम्पर्क नं ९८५५०४८८९७, र माछा जोन पर्सा तर्फ सम्पर्क नं ९८६५१९३१७९, धान जोन पर्सा तर्फ सम्पर्क नं ९८६०३२३१९९ र सूचना अधिकारीको नं ९८५५०४८८९७ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

बरिष्ठ कृषि अधिकृत

CamScanner